Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
# Women's Rehabilitation Center (WOREC)

च.नं : २३०-२०८२/८३ मिति: २०८३/३/२८

## ध्यानाकर्षण पत्र

## राज्यको कमजोर जवाफदेहीताका कारण निम्तिएको नागरिक निराशा प्रति गम्भिर ध्यानाकर्षण

हालैका दिनहरूमा देशभर बढ्दै गएका आत्मदाह र आत्मदाहका प्रयासका घटनाहरूले सम्पूर्ण समाजलाई स्तब्ध र चिन्तित बनाएको छ। राहदानी विभाग अगाडि आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गर्ने मुगुका २५ वर्षीय गणेश नेपालीको उपचारका क्रममा भएको दु:खद निधन, सर्लाहीको गोडैता नगरपालिकामा विवेक मण्डलले गरेको आत्मदाह प्रयास, र काठमाडौंमा आश्विन राउतले घरभित्रै पेट्रोल छर्केर गरेको आत्मदाहको प्रयास लगायतका घटनाहरुप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल प्रहरीकै तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको असार २७ गतेसम्म मात्रै देशभर ११ जनाले आत्मदाह वा आत्मदाहको प्रयास गरेका छन । जसमध्ये आठ जनाको मृत्यु भइसकेको छ। यी सबै घटना पृथक् वा संयोगवश भएका होइनन् । यो राज्य, सार्वजनिक सेवा प्रणाली र सामाजिक उत्तरदायित्वमाथिको गम्भीर प्रश्न हो, व्यक्तिको सम्मानपुर्बक बाँच्न पाउने अधिकारको उल्लघंनको परिणाम हो। कुनै नागरिकले आफ्नो जीवनको मूल्य नै गुमाएको महसुस गर्नुपर्ने अवस्थामा पुग्नु वर्षौंदेखि राज्यबाट भोगिँदै आएको गरिबि, भुमिहिनता, बेवास्ता, लैंगिक तथा जातिय विभेद, उत्पीडन, संरचनागत हिंसा र सामाजिक अन्यायको सञ्चित परिणाम हो । सम्मानपूर्वक बाँच्न पाउने आधारभूत अधिकारका लागि नागरिकले आफ्नै राज्यसँग पटक पटक गुहार माग्नुपर्ने अवस्था कहिलेसम्म रहिरहने हो ? यदि लोकतन्त्रले नै सबैभन्दा पछाडि पारिएका नागरिकलाई सुरक्षा, सम्मान र न्याय दिन सक्दैन भने, हामीले निर्माण गरिरहेको यो शासन व्यवस्था कसका लागि हो भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ ।

यसै सन्दर्भमा, यस्ता घटनाहरुको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न, विद्यमान सामाजिक असमानताको गहिरो विश्लेषण गरी त्यसलाई सम्बोधन गर्ने रणनिति निर्माण गरि कार्यान्वयन गर्न, र यसका लागि जिम्मेवार निकायहरूको जवाफदेहिता सुनिश्चित गर्न हामी नेपाल सरकारसँग दृढतापूर्वक माग गर्दछौं । साथै, नागरिकको तत्काल आवश्यकता जस्तै आवास, रोजगारी, सामाजिक सुरक्षा र आधारभूत आवश्यकताहरु सम्बोधन गर्ने ठोस र आपतकालीन कार्यक्रमहरू तुरुन्तै ल्याई सम्मानपुवक बाँच्न पाउने अधिकारको तत्काल सुनिचिचतता गर्न हामी माग गर्दछौं। यसैगरि राज्यले कहिले पनि नागरिकको असन्तुष्टि व्यक्त गर्ने अधिकारमाथि अंकुश लगाउने काम नगर्न हामी सरकार समक्ष अनुरोध गर्दछौं । आवाज उठाउने अधिकार नै लोकतन्त्रको मर्म हो ।

सुनिता मैनाली

कार्यकारी निर्देशक